जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ३५ २०७८ साल भदौ ११ गते शुक्रबार (27 Aug. 2021 Friday) मूल्य रु. ५/-

पत्रकार आचारसंहिताको पालना गरौं

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : चैतसम्म मेलम्चीको पानी ... ३ पृष्ठमा : पाँच करोड ३० लाख मात्रा. ३ पृष्ठमा : भारतमा दैनिक सङ्क्रमितको...

# सप्तरीमा ५५ हजारले लगाए कोभिड १९ बिरुद्धको पूर्ण खोप

- पहिलो डोज ६९ हजार ५ सयले लगाए
- भदौं १६ देखी दोश्रो डोज लगाउने तयारी
- कक्षा १२ का विद्यार्थीलाई पनि खोप लगाउने तयारी



फायल तस्वीर

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**

सप्तरी जिल्लामा कोभिड १९ विरुद्धको पूर्ण खोप ५५ हजार जनताले लगाएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार जिल्लाको कुल जनसंख्याको ८ दशमलब ५ प्रतिशतले पूर्ण खोप लगाएका हुन् ।

स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले २० हजारले भेरोसेलको दुबै डोज तथा ३५ हजारले जोन्सन एण्ड जोन्सनको डोज लगाएको जानकारी दिएका छन् ।

यस्तै उनका अनुसार भेरोसेलको ४२ हजार ५ सय तथा २७ हजारले कोभिसेल गरि ६९ हजार ५ सयले पहिलो डोज लगाएका छन् ।

उनले कोभिसेलको पहिलो होज लगाइसकेका २७ हजारलाई भदौको १६ गते बाट दोश्रो डोज लगाउने तयारी भईरहेको बताए । भदौ १६ देखी सबै स्थानिय तहको सबै वडामा दोश्रो डोजको रुपमा स्ट्रेजिनिका लगाउने सम्पूर्ण तयारी भइसकेको बताए ।

प्रमुख यादवले भदौको १६ गते देखी कक्षा १२ का विद्यार्थीहरुका लागि पनि खोप लगाउने व्यवस्था मिलाइएको बताए । उनले भने, "कक्षा १२ का विद्यार्थीहरुले खोप लगाउन आ-आफ्नो विद्यालयको परिचयपत्र लिएर आउनुपर्छ ।"

जिल्लामा पहिलो चरणको कोरोना महामारीमा १ हजार ८ सय ३३ तथा दोश्रो चरणको महामारीमा २ हजार ४ सय ७ जना गरि हालसम्म ४ हजार २ सय ४० जना संक्रमित भएका छन् ।

यस्तै पहिलो चरणको कोरोना महामारीमा ४१ जना तथा दोश्रो चरणको महामारीमा १ सय १८ जना गरि १ सय ५९ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

## प्रदेश नं १ को मुख्यमन्त्रीमा आचार्य

**दैनिक समाचारदाता**
**बिराटनगर, १० भदौ ।**

प्रदेश नं. १ को मुख्यमन्त्रीमा नेकपा (एमाले) संसदीय दलका नेता भीमप्रसाद आचार्य नियुक्त भएका छन् । उनले बिहीबारै मुख्यमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिएका छन् ।

उनलाई प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी' ले नेपालको संविधानको धारा १६८ (१) बमोजिम पद तथा गोपनीयताको शपथ गराए ।

सो अवसरमा निवर्तमान मुख्यमन्त्री शेरधन राई, सभामुख प्रदीपकुमार भण्डारी, उपसभामुख सरस्वती पोखरेल, आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीलगायत प्रदेश सरकारका उच्च पदस्थ कर्मचारीको उपस्थिति रहेको थियो ।

यसअघि आचार्य बिहीबारै नेकपा (एमाले) संसदीय दलको नेतामा चयन भएका थिए ।

## एसिड पीडितलाई आर्थिक सहयोग

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १० भदौ ।**

प्रदेश नं २ सरकारले एसिड पीडित आरती साहलाई पाँच लाख आर्थिक सहयोग गरेको छ ।

मुख्यमन्त्री लालबाबु राउतले पीडित साह घाइते भएकै बेला घोषणा गरे बमोजिम बिहीबार पाँच लाखको चेक हस्तान्तरण गरेका हुन् ।

सो अवसरमा समाजिक विकासमन्त्री नवलकिशोर साहको समेत उपस्थिति रहेको थियो ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १३ वर्ष देखी संचालन हुदै आएको
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७८ भदौ १८ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग
जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

फारम भर्ने मिति
२०७८/०४/३१ देखि
२०७८/०५/१८ सम्म

राजविराज पोलिटेक्निक इन्स्टिच्युट
राजविराज-३, सप्तरी
कार्यालय: ०३१-५२००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

## सम्पादकीय

# अतिक्रमण कायमै, पहल आवश्यक

कुनै नगरको सौन्दर्यता व्यवस्थित बजारले नै झल्कन्छ । बजार सफा र पसलहरुको अगाडी तथा छेउछाउ खाली स्थान रहेमा झनै सौन्दर्यता खुलेर आउछ । तर, राजविराज नगरपालिकाको बजार अव्यबस्थित रहेको छ । कारणको बजारमा रहेको विभिन्न पसलहरुले अगाडी तथा छेउछाउका स्थानलाई मनोमानी ढंगले अतिक्रमण गरेकोले । हुनत नगरपालिकाले विगतमा नगरमा भइरहेको अतिक्रमणप्रति केही प्रयास गरेपनि हाल त्यसप्रति मौन रहेको छ । सरसफाई तथा नगर सुन्दर बनाउन बृक्षा रोपन गरे पनि हाल सो सबै मासिएर गएको छ ।

पेटी अतिक्रमणले नगरपालिकाले बटुवालाई सुरक्षित ढंगबाट हिड्डुल गर्न कठिनाई भइरहेको छ । यती मात्र नभएर पेटी अतिक्रमण र जथाभावी सबारीसाधन पार्किङ्गले सबारी चलाउन पनि समस्याहरु पनि भइरहेको छ । सानो तथा खुद्रा पसल थाप्नु मात्र पेटीको अतिक्रमण होइन जथाभावी पार्किङ्ग गर्नु अथवा स्टेण्ड बनाउने कार्य पनि अतिक्रमण हो ।

यस सम्बन्धमा नगरपालिकाको यस सम्बन्धमा कुनै चेतना जगाउन पनि असमर्थ छ । तसर्थ यस्ता विषयप्रति नगरपालिका लगायत स्थानियवासी समेतले चासो देखाएर समाधान गर्नेतर्फ समन्वय गर्न अति आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चैतसम्म मेलम्चीको पानी काठमाडौँ ल्याउने तयारी

काठमाडौँ, १० भदौ (रासस) ।

आगामी चैत महिनासम्ममा पुनः मेलम्चीको पानी काठमाडौँ उपत्यका ल्याउने गरी आयोजनास्थलसम्म पुग्ने सडक र त्यहाँको संरचना मर्मत अघि बढाइने भएको छ ।

मेलम्ची खानेपानी विकास समितिले सडक विभाग, नेपाली सेना, त्यहाँ रहेका पालिकासँगको समन्वयमा सडक खुलाएर आयोजनास्थलसम्म पुग्ने योजना बनाएको हो । गत असार र साउनमा आएको बाढीका कारण मेलम्ची खानेपानी आयोजनामा कति क्षति भयो भन्ने यकिन हुन सकेको छैन । आयोजनास्थलमै पुग्न सकिने अवस्था नभएकाले यकिन क्षति हुन बाँकी रहेको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ ।

आयोजनास्थलमा रहेका संरचना लेदोले छोपिएकाले त्यो हटेपछि मात्रै क्षति यकिन हुने समितिका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले हेडवर्क १०/१५ मिटरसम्म पुरिएको अवस्थामा रहेकाले क्षति यति नै भयो भन्न सकिने अवस्था छैन ।" चैतमा काठमाडौँमा पानी ल्याउने लक्ष्य लिइएकामा थोरै तलमाथि भए पनि धेरै नहुने समितिले जनाएको छ । हेडवर्कमा कति क्षति भएको छ त्यसका आधारमा कति समय लाग्ने भन्ने हुन्छ ।

अहिले तत्काल 'हेडवर्क'बाटै पथान्तरण गर्न नसकिने भएकाले वैकल्पिक पानी पथान्तरणको विषयमा सोचिरहेको सूचना अधिकारी पन्तले बताउनुभयो । 'हेडवर्क' नजिकै नदीको सतहमा गिट्टी, बालुवा थुप्रिएको र त्यो सफा गर्न चुनौती रहेको छ । त्यहाँ हटाउँदा आएका सामग्री कता लैजाने भनी अन्योल रहेको सूचना अधिकारी पन्तले बताउनुभयो । उहाँले भन्नुभयो, "साँघुरो ठाउँमा एकैपटक धेरै उपकरण लैजान नसक्ने अवस्था छ, त्यसले समय लाग्नसक्ने देखिएको छ ।"

हेलम्बु-१ अम्बाथानस्थित आयोजनास्थलमा गत असार १ मा गएको बाढीका कारण क्षति पुगेको थियो । त्यसपछि साउनमा पुनः आएको बाढीले यहाँ रहेका संरचनामा थप क्षति पुगेको समितिले जनाएको छ । पछिल्लो बाढीले गर्दा यहाँ रहेका सडक बगाएको छ भने अरु संरचनामा कति क्षति पुग्यो भन्ने थाहा नभएको सूचना अधिकारी पन्तले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो बाढीपछि नै परामर्शदाता कम्पनीले त्यहाँ पुगेको क्षति र मर्मतका बारेमा अध्ययन गरिरहेको छ ।"

बाढीका कारण सबैभन्दा बढी असर अम्बाथानसम्म पुग्ने सडक र 'हेडवर्क' मा पुगेको अनुमान गरिएको छ । अहिले सडक रहेकै स्थानमा पुनःनिर्माण गर्ने कि नयाँ रेखाङ्कनमा गर्ने भनी छलफल भइरहेको सूचना अधिकारी पन्तले बताउनुभयो । सडक र पुलको विज्ञ जनशक्ति सडक विभागसँग भएकाले उसँगको सहकार्यमा यसमा निर्णय लिइने सूचना अधिकारी पन्तले बताउनुभयो । अहिले भएको सडकको विकल्पमा अर्को ठाउँबाट वैकल्पिक सडक खुलाउने काम दीर्घकालीनरूपमा गरिनुपर्ने भए पनि तत्कालका लागि भइरहेको सडकमा स्तरोन्नति अघि बढाइएको उहाँले बताउनुभयो । अहिले डोजरमात्रै लैजान सकिने बाटो बनाउने प्रयास भइरहेको छ । "यहाँका सडकको स्तरोन्नति र मोड फराकिलो बनाइरहेको छ", उहाँले भन्नुभयो, "हेलम्बु गाउँपालिकाले सडक खुलाउने काम गरिरहेको छ ।"

सडकमा कति क्षति पुग्यो र मर्मतका लागि कति समय लाग्छ भनी विस्तृतरूपमा मूल्याङ्कन गरिनेछ । सडक पहिलेको रेखाङ्कनभन्दा माथिबाट लैजाँदा सुरक्षित हुनसक्ने उहाँले बताउनुभयो । "भविष्यमा पुग्न सक्ने क्षतिको आकलन गरेर पुलहरू नयाँ ठाउँमा बनाउनुपर्ने हुनसक्छ", उहाँले भन्नुभयो, "त्यसले गर्दा पहिले भएको क्षतिभन्दा पुनःनिर्माणका लागि लागत बढी लाग्ने देखिएको छ ।"

आयोजनाले हालसम्म रु दुई अर्ब क्षति भएको अनुमान गरिएको छ । मर्मत र पुनःनिर्माण गर्दा त्यो रकम बढ्नसक्ने सूचना अधिकारी पन्तले बताउनुभयो । हेडवर्कमा भएको क्षति त्यहाँ रहेको लेदो सफा गरेर नहेरेसम्म थाहा नहुने उहाँको भनाइ छ । निर्माणस्थलमा रहेका संरचना पुनःनिर्माणमा समय र लागत दुवै बढी लाग्ने देखिएको छ । साउन महिनाको बाढीले सडकमा थप क्षति पुगेपछि आयोजनास्थलमा रहेका संरचनामा भने पहिलो बाढीले गराएको क्षति जति हो त्योभन्दा बढी भएको नपाइएको सूचना अधिकारी पन्तले बताउनुभयो ।

आयोजनामा अल्पकालीन र दीर्घकालीन गरी दुवै किसिमका मर्मतको योजना बनाइएको छ । दीर्घकालीन मर्मत सुरु गर्नु पहिले आयोजनास्थलभन्दा माथिल्लो भागमा पहिराको समाधान गरिनुपर्छ भन्ने छलफल भइरहेको छ । सम्बन्धित निकायले त्यसमा विस्तृत अध्ययन गर्नुपर्नेमा उहाँको जोड छ । अध्ययन सकिएर निष्कर्षका आधारमा अरु पूर्वाधारको डिजाइन गर्ने, पुनरावलोकन गर्ने, स्थानान्तरण वा नयाँ बनाउने के गर्न सकिन्छ भनी निर्णय लिइने भएको छ । उहाँले भन्नुभयो, "माथिल्लो भागमा पहिराको रोकथाम नियन्त्रणका लागि एकीकृत कार्यक्रम बनाएर जानुपर्छ ।"

अल्पकालीनरूपमा आयोजनाबाट पानी ल्याउनका लागि वैकल्पिक पथान्तरण सफा गर्ने, अम्बाथान अडिट सफा गर्ने योजना बनाइएको छ । हालका लागि सानो एउटा वैकल्पिक ड्याम बनाएर पानी ल्याउन लागिएको छ । अल्पकालीन कार्ययोजनामा चुनौती भनेको नदीको स्तर पुरानै स्तरमा बनाउनु रहेको छ । उहाँले भन्नुभयो, "त्यसमा अलि बढी समय लाग्नसक्छ ।" गत असारसम्म चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोले 'हेडवर्क' मा निर्माण गरिरहेको थियो । ठेक्का सम्झौताका आधारमा कम्पनीले गर्ने दायित्व पूरा गर्नुपर्ने छ । अरु संरचनामा क्षति पुगे पनि मुख्य सुरुङमा क्षति नभएको अनुमान छ । अम्बाथान अडिट, डाइभर्सन टनेललगायतका संरचना टालिएको मात्र हो क्षति छैन भन्ने प्रारम्भिक अनुमान छ ।

क्षतिको मूल्याङ्कन गरेर अहिले निर्माणको काम गरिरहेको कम्पनीलाई नै काममा लगाइने सूचना अधिकारी पन्तले बताउनुभयो । अल्पकालीन कार्ययोजनामा व्यवसायीले गर्नुपर्ने काम धेरै छैन । उहाँले भन्नुभयो, "सडक खुलाउन र आयोजनास्थलका संरचनाको लेदो हटाउन सेना र सडक विभागले नै गर्नुपर्छ, व्यवसायीले त्यसपछि थप काम गर्नुपर्छ ।" हेडवर्कमा माथिसम्म टालिएकामा दीर्घकालीनरूपमा सफा गरेर हेरेपछि के-के क्षति भएको हो त्यसको मर्मत र सुधारको काम सिनो हाइड्रोले गर्नेछ । ट्र्याक खोलेर वैकल्पिकरूपमा हेडवर्क पुग्न काम अघि बढाइएको छ । एक/डेढ महिनामा हेडवर्क पुग्न सकिने सूचना अधिकारी पन्तले बताउनुभयो । उहाँले भन्नुभयो, "हेडवर्क पुगेपछि नै टालिएका संरचना सफा गर्न सुरु हुनेछ ।"

अहिले तत्काल सडकको 'एलाइमेन्ट' परिवर्तन गर्न नसकिने भए पनि दीर्घकालीनरूपमा परिवर्तन गरेर निर्माण गर्नुपर्ने देखिएको छ । दीर्घकालीनरूपमा सडकका लागि पुनः डिजाइन गर्नुपर्ने समितिले जनाएको छ । झण्डै दुई दशक पहिले निर्माण सुरु भएको आयोजना गत फागुनमा सम्पन्न भएर काठमाडौँ उपत्यकामा पानी आउन थालेको थियो । आयोजनाको मुख्य संरचनाका रूपमा रहेको सुरुङको निर्माण सकिएपछि अस्थायी बाँधबाट पानी ल्याउन थालिएको थियो । आयोजनाको 'हेडवर्क' निर्माणको अन्तिम काम भइरहँदा आएको बाढीले धेरै क्षति पुऱ्याएको छ । राष्ट्रिय गौरवको सो आयोजना काठमाडौँ उपत्यकामा रहको खानेपानीको समस्या समाधानको दीर्घकालीन उपायका रूपमा रहेको छ ।



# पाँच करोड ३० लाख मात्रा खोप सुनिश्चित

काठमाडौं, १० भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठले कोरोनाविरुद्धको खोप आपूर्ति र खोप लगाउने कार्य सरकारको पहिलो प्राथमिकतामा रहेको बताउनुभएको छ।

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्यसमितिको बिहीबारको बैठकमा उहाँले दैनिक तीन लाख व्यक्तिले कोरोनाविरुद्धको खोप लगाइरहेको जानकारी दिनुभयो। "खोप लगाउने कार्य तीव्र जारी छ, दैनिक पाँच लाखलाई खोप लगाउने योजना छ", उहाँले भन्नुभयो। हालसम्म कोरोनाविरुद्ध ९० लाख ७७३ मात्रा लगाइसकेको उहाँले जानकारी दिनुभयो।

"हालसम्म ४० लाख १३ हजार ८८० जना (१३ प्रतिशत)ले खोपको पूरा मात्रा लगाएका छन्", उहाँले भन्नुभयो, "खोपको पहिलो मात्रा लगाउनेको सङ्ख्या १८ प्रतिशत तथा दोस्रो मात्रा लगाउनेको सङ्ख्या ३० प्रतिशत छ।" वर्तमान सरकारले कोरोना विरुद्धका पाँच करोड ३० लाख मात्रा खोपको सुनिश्चितता गरिसकेको सो अवसरमा उहाँले जानकारी दिनुभयो।

सरकारले दुर्गम र विकट जिल्लालाई खोप लगाउनका लागि प्राथमिकतामा राखेको उहाँले बताउनुभयो। "थोरै जनसङ्ख्या तथा उपचार गर्न कठिनाइ हुने हुँदा पहिला दुर्गम जिल्लाका बासिन्दालाई खोप लगाइसक्यौं", उहाँले भन्नुभयो। जापानले उपलब्ध गराएको पाँच लाखभन्दा बढी डोज खोप मौज्दात रहेकाले त्यसलाई विद्यार्थीका लागि छुट्याएर हाल लगाउने काम जारी रहेको राज्यमन्त्री श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार काठमाडौं उपत्यकामा ६० हजार विद्यार्थीलाई लगाउने लक्ष्य मध्ये हालसम्म २३ हजारले लगाइसकेका छन्।

प्रदेश १ र प्रदेश २ मा खोप पर्याप्त मात्रामा पठाइएको राज्यमन्त्री श्रेष्ठले बताउनुभयो। अन्य प्रदेशमा समेत खोप पठाउने कार्य भइरहेको उहाँले उल्लेख गर्नुभयो।

विगतमा रकम तिरिसकेको १० लाख डोज खोप आपूर्ति गर्ने सम्बन्धमा यहाँस्थित भारतीय राजदूतसित छलफल भएको राज्यमन्त्री श्रेष्ठले जानकारी दिनुभयो। "भारतबाट खोप चाँडै आपूर्ति हुन्छ, अब त्यसमा बिलम्ब हुँदैन्", उहाँले भन्नुभयो। अठार वर्षभन्दा कम उमेर भएकाका लागि मोडर्ना र फाइजरको खोप आपूर्तिको पहल भइरहेको उहाँले बताउनुभयो। कक्षा १२ को परीक्षा यही भदौ अन्तिम वा असोज पहिलो साता गर्ने योजना रहेको उहाँको भनाइ थियो। "होम सेन्टरबाटै परीक्षा सञ्चालन गर्ने योजना छ", उहाँले भन्नुभयो।

हाल काठमाडौं उपत्यकामा १३५ खोप केन्द्रमार्फत खोप लगाउने कार्य भइरहेको उहाँले बताउनुभयो। शिक्षा र स्वास्थ्यमा जनशक्ति अभाव भएकाले काम समयमै गर्न नसकिएको भन्दै राज्यमन्त्री श्रेष्ठले चाँडै नै कर्मचारीको व्यवस्था गरी द्रुतगतिमा काम अघि बढाइने समितिलाई जानकारी गराउनुभयो। न्यून कर्मचारीका भरमा योजना बनाए अनुसारको काम गर्न नसकिएको उहाँको भनाइ थियो। प्रदेश अस्पताल र काठमाडौं उपत्यकाका अस्पताललाई साधनस्रोत सम्पन्न बनाइने उहाँले बताउनुभयो। "स्वास्थ्य क्षेत्रमा व्यापक सुधारको आवश्यकता छ", उहाँले भन्नुभयो।

समितिका सभापति जयपुरी घर्तीको अध्यक्षतामा बसेको बैठकमा समितिका सदस्य अञ्जना बिशङ्खे, विद्या भट्टराई, गिरिराजमणि पोखरेल, जीवनराम श्रेष्ठ, सरिता न्यौपाने, मानबहादुर विश्वकर्मालगायतले राज्यमन्त्री श्रेष्ठसँग कोरोनाविरुद्धको खोप सम्बन्धी विभिन्न जिज्ञासा राख्नुका साथै आ-आफ्नो सुझावसमेत दिनुभएको थियो।

सभापति घर्तीले विद्यार्थीको जाँच समयमै गर्न तथा उनीहरुलाई चाँडोभन्दा चाँडो खोप लगाउन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

# सडकमै चालकको आँखा र रक्तचाप जाँच

लहान, १० भदौ (रासस)।

राजमार्गमा बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले सडकमै सवारी चालकको आँखा र रक्तचाप जाँच्न थालेको छ। सप्तरी जिल्ला ट्राफिक कार्यालय र रूपनीस्थित प्रदेश २को प्रहरी अस्पतालले संयुक्तरूपमा पूर्व-पश्चिम राजमार्गमा चल्ने निजी तथा सार्वजनिक सवारी साधानका चालकको सडकमै आँखा र रक्तचाप जाँच गर्न थालेका हुन्।

यही भदौ ७ गतेदेखि शिविर राखी १६८ चालकको आँखा र रक्तचाप जाँच गरिएको अस्पतालका प्रहरी निरीक्षक डा धर्मप्रताप भरखेरले जानकारी दिनुभयो। जाँच गरिएकामध्ये थोरैमा मात्र आँखा सम्बन्धी समस्या देखिएको उहाँको भनाइ थियो।

यस्तै १० प्रतिशतमा मात्र उच्च रक्तचाप देखिएको र तीमध्ये पाँच प्रतिशतले मात्र औषधि सेवन गरिरहेको पाइएको छ। लामो दूरीका सवारी चालकमा बाटोमै निदाउने, स्वास्थ्य बिग्रिनेजस्ता समस्या देखिएकाले उनीहरूलाई थप उपचार गराउन सुझाव दिइएको थियो।


दुर्घटनाका विविध कारणमध्ये चालकका आँखाको दृष्टि कमजोर र अन्य स्वास्थ्य समस्याका कारण पनि रहेको जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी निरीक्षक कैलाशबहादुर भट्टराईले जानकारी दिनुभयो।

'सामुदायिक प्रहरी साझेदारी कार्यक्रम' अन्तर्गत आयोजना गरिएको उक्त शिविरमा चालकलाई आँखा, रक्तचाप, बढ्दो सवारी दुर्घटना र सहजरूपमा गाडी चलाउनेबारे जानकारी दिइएको थियो।

जाँच पछि सवारी दुर्घटना हुनाका कारण र न्यूनीकरणका उपायबारे अन्तर्क्रिया गर्दा चालकबाट सडकको दुरावस्था, ट्राफिक नियम विपरीत ठूलो लाइनको प्रयोग, गलत किसिमले बत्ती बाल्ने, युवाले लागुऔषध सेवन गरी सवारी चलाउनेजस्ता कारणले दुर्घटना बढेको सुझाव आएको उहाँले बताउनुभयो।

दैनिक भत्तामा काम गर्ने टिपरका चालकले बढी कमाउने लोभमा तीव्र गतिमा चलाउने र साना सवारी साधनले गलत साइडबाट उछिन्ने गर्दा पनि दुर्घटना बढ्ने गरेकोजस्ता सुझाव आएको र यसलाई आधार बनाएर दुर्घटना न्यूनीकरणका लागि योजना बनाइने प्रहरी निरीक्षक भट्टराईले बताउनुभयो।

शिविर दुई दिनसम्म मात्र राखिएकामा चालकको सुझावअनुसार थप दुई दिन लम्ब्याइएको उहाँले जानकारी दिनुभयो।



# विश्व समाचार

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि

नयाँ दिल्ली, १० भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको छ।

यसअघि गत सोमबार दैनिक सङ्क्रमितको सङ्ख्या १६० दिन पछिकै सबैभन्दा कम भएकोमा अहिले फेरि बढेको हो।

सरकारी अधिकारीले गत सोमबार पछिल्लो एक दिनमा भारतमा २५ हजार ७२ जना नयाँ सङ्क्रमित भएका थिए। तर बिहीबार सार्वजनिक गरिएको विवरणमा भने ४६ हजार १६४ नयाँ सङ्क्रमित थपिएको उल्लेख छ।

मृतकको सङ्ख्या पनि अहिले बढेको छ। पछिल्लो एक दिनमा ६०७ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको अधिकारीले जनाएका छन्। गत सोमबार ३८९ जनाको मृत्यु भएको थियो।

महामारीबाट पछिल्लो समय सबैभन्दा बढी केरला राज्य बढी प्रभावित भएको छ। केरलामा मात्रै ३१ हजार ४४५ जना नयाँ सङ्क्रमित थपिएका छन्। त्यसैगरी केरलामा पछिल्लो एक दिनमा २१५ जनाको मृत्यु भएको छ।

केरलामा अहिले एक लाख ७० हजार २९२ सक्रिय सङ्क्रमित रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड २५ लाख ५८ हजार ५३० जना रहेका छन्। तीमध्ये तीन लाख ३३ हजार ७२५ सक्रिय सङ्क्रमित रहेका छन्।

भारतमा अहिलेसम्म तीन करोड १७ लाख ८८ हजार ४४० जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। तीमध्ये ३४ हजार १५९ जना पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएका हुन्।

## अफगानिस्तानको विमानस्थलमा सुरक्षा खतरा रहेको अमेरिका र बेलायतको भनाइ

वासिङटन, १० भदौ (रासस/एएफपी)।

अफगानिस्तानको काबुल विमानस्थलमा आक्रमणको उच्च जोखिम रहेको अमेरिका र बेलायतले जनाएका छन्।

यी दुई देशले काबुल विमानस्थलमा आफ्ना नागरिकलाई नजान पनि आदेश दिएका छन्। यदि विमानस्थलमा पुगेको भए पनि त्यहाँबाट फर्किन उनीहरुले बुधबार सूचना जारी गरेका छन्।

सूचनामा विमानस्थलमा पुगेकालाई पनि त्यहाँ नबस्न र अन्यत्र कतै जान भनिएको छ। अमेरिका र बेलायतले नै बुधवार सो सूचना जारी गरेको समाचारमा जनाइएको छ।

अहिले पनि काबुल विमानस्थलमा कम्तीमा दश हजार विदेशी नागरिक रहेका छन्। आफ्नो देश फर्किनका लागि विमानस्थल बाहिर र भित्र हजारौं सर्वसाधारण बसेका छन्।

तालिबानले काबुल नियन्त्रणमा लिएपछि यो विमानस्थलबाट ८० हजारभन्दा बढी मानिसलाई हवाई मार्ग हुँदै अन्यत्रै लगिएको छ। उता अमेरिका र उसको नेटो गठबन्धनका सदस्य राष्ट्रले अगस्ट ३१ भित्र आफ्ना नागरिक तथा आफ्नो देश फर्किन विमानस्थलमा बसेका अरु देशका मानिसको उद्धार सम्पन्न गरिसक्ने जनाएका छन्।

विमानस्थलमा इस्लामिक स्टेट्सका अतिवादी समूहबाट सुरक्षा खतरा रहेको अमेरिकी गुप्तचर निकायको प्रतिवेदनमा उल्लेख गरिएको छ।

विमानस्थलमा भीडभाडमा खटेका अफगान सैनिक पनि आत्मघाती विस्फोटनको सम्भावनाका कारण चिन्तित रहेको प्रतिवेदनमा जनाइएको छ।

उता तालिबानले भने विमानस्थल पुग्ने सबै बाटो बन्द गरिसकेको छ। उनीहरुले पनि सो विमानस्थलमा सुरक्षा दिइरहेका बताइएको छ।

अमेरिकी राष्ट्रपति जोन बाइडेनले पनि अफगानिस्तानकै स्थानीय इस्लामिक स्टेटका कारण उक्त विमानस्थलमा सुरक्षा खतरा रहेको बताउनुभएको थियो।

## मुसलधारे वर्षाका कारण भेनेजुयलामा २० को मृत्यु

मेरिडा, १० भदौ (रासस/एएफपी)।

मुसलधारे वर्षाका कारण भेनेजुयलामा कम्तीमा २० जनाको मृत्यु भएको छ।

देशको पश्चिमी क्षेत्रमा वर्षापछि आएको बाढी र पहिरोमा परी उनीहरुको मृत्यु भएको स्थानीय अधिकारीले बिहीबार जानकारी दिएका छन्।

उनीहरुका अनुसार बाढी पहिरोका कारण अरु १७ जना अझै पनि बेपत्ता भएका छन्। देशका नौ प्रदेशलाई सङ्कटग्रस्त क्षेत्रका रुपमा लिइएको छ।

बाढी पहिरोका कारण त्यस क्षेत्रका ५४ हजारभन्दा बढी मानिस प्रभावित भएको गृह मन्त्री रेमीगियो सेबालोसले जानकारी दिनुभयो।

राष्ट्रिय टेलिभिजनबाट संबोधन गर्दै उहाँले भारी वर्षा आगामी १० दिन पनि कायमै रहने सम्भावना देखिएको बताउनुभयो।

उहाँले वर्षाको सम्भावना अझै बाँकी रहेकोले बाढी पहिरो अझै बढ्न सक्ने खतरा रहेको पनि उल्लेख गर्नुभयो।

थप बाढी पहिरोको खतरा रहेकाले सतर्कता अपनाउन सबै निकायलाई आग्रह गर्दै उहाँले उद्धारकार्यका लागि तयारी अवस्थामा रहन सरकारी अधिकारीलाई निर्देशन दिनुभयो।

बाढी पहिरोका कारण यातायात सेवा प्रभावित हुनुका साथै विद्युत र सञ्चार सेवासमेत अवरुद्ध भएको छ।

आम नागरिकको दैनिकी नै नराम्रोसँग प्रभावित भएको र धेरै मानिस त्रसित अवस्थामा रहेको अधिकारीले जानकारी दिएका छन्।

# एक हप्ताभित्र जसपा सरकारमा सहभागी हुन्छ : अध्यक्ष यादव

मोरङ, १० भदौ (रासस)।

जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले आगामी एक हप्ताभित्रै सरकारमा सहभागी हुने बताउनुभएको छ।

विराटनगर-१४ स्थित जिल्ला पार्टी कार्यालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उहाँले गठबन्धन दलहरुबीच आपसी सहमतिका आधारमा मन्त्रालय बाँडफाँट गरिने जानकारी दिनुभयो।

अध्यक्ष यादवले सार्वभौम संसद् अन्त्य गरेर अध्यादेश ल्याउने कार्य गलत एवं घातक भएको उल्लेख गर्दै यस्तो कार्यले मुलुकमा राजनीतिक अस्थिरता उत्पन्न हुने बताउनुभयो। वर्तमान संविधानमा रहेका त्रुटिलाई सच्याउन जनमत तयार रहेको बताउँदै उहाँले राजनीतिक दलहरुबीच आपसी सहमतिका आधारमा संविधान संशोधन गरिने धारणा व्यक्त गर्नुभयो।

पत्रकारद्वारा सोधिएको एक प्रश्नको जवाफमा अध्यक्ष यादवले महन्थ ठाकुर नेतृत्वको दल वर्तमान गठबन्धनमा नरहेकाले सरकारमा सहभागी हुन नसक्ने दाबी गर्नुभयो। उहाँले प्रतिगमनको खतरा रहुञ्जेलसम्म वर्तमान लोकतान्त्रिक गठबन्धन रहने छ भन्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत एवं बलियो बनाउने कार्यमा आफ्नो दल सक्रिय रुपमा कार्य गर्ने बताउनुभयो।

अध्यक्ष यादवले संसद् जोगाउनका लागि पार्टी गठबन्धनमा सहभागी भएको स्पष्ट पार्दै यही गठबन्धनले आगामी निर्वाचन गराउने बताउनुभयो। उहाँले बहुदलीय व्यवस्थामा दल फुट्ने र जुटेन कार्य भइरहने चर्चा गर्दै सम्पूर्ण समाजवादीको केन्द्रको रुपमा जनता समाजवादी पार्टी रहेको विचार व्यक्त गर्नुभयो।

# मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारवाही गर्न निर्देशन

काठमाडौँ, १० भदौ (रासस)।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले चाडपर्वका बेला अत्याधिक उपभोग हुने दैनिक उपभोग्य सामग्रीको अस्वभाविक मूल्यवृद्धि, कालोबजारी तथा जनस्वास्थ्यलाई खेलवाड गर्ने र गुणस्तरहीन खाद्य सामग्री बिक्री वितरण गर्नेविरुद्ध कडा कारवाही गर्न सरकारलाई निर्देशन दिएको छ।

गृहमन्त्री बालकृष्ण खाँणको उपस्थितिमा बिहीबार बसेको समितिको बैठकले म्याद सकिएका अखाद्य वस्तु, पुनःमिति राखी बिक्री वितरण गर्नेलगायत गैर कानुनीकार्य नियन्त्रणका लागि अन्य सरकारी निकायको समन्वयमा बजार अनुगमन गर्न पनि आग्रह गरेको छ। यस्ता कार्यमा दोषी देखिएकालाई कारवाहीको दायरामा ल्याउन समेत समितिले सरकारलाई निर्देशन दिएको छ।

समितिका सभापति शशी श्रेष्ठले आवश्यक परे कानुन संशोधन गरेरै भए पनि कारवाहीको दायरामा ल्याउन भनेको जानकारी दिनुभयो।

बैठकले दार्चुला ब्यास गाउँपालिका-२ का तुइन तर्ने क्रममा खसेर जयसिंह धामी बेपत्ता भएको घटना प्रकरणमा समितिको गम्भीर ध्यानाकर्षण भएको र सत्यतथ्यसहितको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्न पनि निर्देशन दिएको छ। समितिले पीडित परिवारलाई उचित राहतको व्यवस्था गर्न पनि आग्रह गरेको छ।

त्यस क्षेत्रको स्थानीय बासिन्दाको सुरक्षाका साथै पुल, मोटरबाटोलगायत आवश्यक पूर्वाधारको यथाशीघ्र निर्माण गर्न पनि निर्देशन दिएको सभापति श्रेष्ठले जानकारी दिनुभयो। समितिले दार्चुलादेखि तिङकरसम्मको सडक तत्काल निर्माण गर्न, तुइन विस्थापित गरी झोलुङ्गे तथा पक्की पुलको व्यवस्था गरी त्यहाँका बासिन्दालाई खाद्यान्न र औषधिको आवश्यक व्यवस्था गरी जनजीवन सामान्य बनाउन पनि सरकारलाई अनुरोध गरेको छ।

यस्तै कञ्चनपुरकी निर्मला पन्तको विसं २०७५ साउन १० गते बलात्कारपछि हत्या भएको तीन वर्ष बितिसक्दा पनि सत्यतथ्य बाहिर नआउनु दुखद भएको उल्लेख गर्दै समितिले सत्यतथ्यका आधारमा घटनामा संलग्न व्यक्तिलाई कारवाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिएको छ।

बालिका तथा महिलामाथि हत्या, हिंसा र बलात्कारजस्ता घटना नियन्त्रण र अपराधीलाई समयमा कारवाही गर्न नसक्दा मानवताविरुद्धका घटना बढ्दै गएको सन्दर्भ जोड्दै समितिले त्यस्ता घटनाको नियन्त्रण र संलग्नलाई हदैसम्मको कारवाही गर्न आवश्यक व्यवस्था मिलाउन पनि गृह मन्त्रालयलाई निर्देशन दिएको छ।

# कोभिड-१९ को नक्कली रिर्पोट बनाउने कर्मचारीमाथि छानबिन

काठमाडौँ, १० भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ परीक्षणाको नक्कली रिर्पोट बनाइदिने शहीद गङ्गालाल हृदय रोग केन्द्रका कर्मचारीमाथि छानबिन सुरु गरेको छ।

मन्त्रालयले केन्द्रको प्रयोगशालामा काम गर्ने वरिष्ठ ल्याब टेक्निसियन विनोदकुमार यादवमाथि कोभिड-१९ को नक्कली रिर्पोट बनाएको आरोपमा छानबिन सुरु गरेको हो। सर्वसाधारणले उजुरी दिएपछि मन्त्रालयले छानबिन प्रक्रिया थालेको हो।

केन्द्रका सञ्चालक समिति सदस्य विजय राईको संयोजकत्वमा मन्त्रालयका उपसचिव मानबहादुर बस्नेत र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका विज्ञ डा शङ्कर काफ्ले सदस्य रहेको तीन सदस्यीय छानबिन समिति गठन गरेको मन्त्रालयले जनाएको छ। मन्त्रालयका उपसचिव बस्नेतले यादवले कोभिड-१९ को नक्कली रिर्पोट बनाई सर्वसाधारणसँग रकम असुल्ने गरेको बताउनुभयो।

यादवले नक्कली कागजात बनाउने, केन्द्रको लेटरप्याडको दुरुपयोग गर्ने, बिना परीक्षण रिर्पोट निकाल्ने गरेको पाइएको उहाँले जानकारी दिनुभयो। "केन्द्रको ल्याब कक्षमा बसेर नक्कली रिर्पोट बनाउनका लागि बार्गेनिङ गर्ने गरेको पनि पाइयो", उहाँले भन्नुभयो, "स्वाबको परीक्षण नगरिकन यादवले रिर्पोट बनाउने गरेको देखियो।"

उपसचिव बस्नेतका अनुसार विदेश जानेको सङ्क्रमण देखिए यादवले रकम लिएर रिर्पोटलाई नेगेटिभ पनि बनाउनेसमेत गरेको पाइएको छ। यादवलाई यसअघि पनि पटक-पटक स्पष्टीकरण सोधिएको उहाँले जानकारी दिनुभयो। यादवलाई सेवा सर्त नियमावली अनुसार भविष्यमा केन्द्रको सेवामा अयोग्य ठहर गर्दै बर्खास्त गर्ने गरी विभागीय सजाय गर्न सञ्चालक समितिलाई सिफारिस गरिएको छ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

<u>यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ</u>

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

<u>महत्वपूर्ण सवाल :</u>

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी




अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME, himal remit, CG Money

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*